annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९० पृष्ठ ८ | काठमाडौं, मंगलबार १५ साउन २०८१ | श्रावण कृष्णपक्ष दशमी, नेपाल संवत् ११४४ | TUESDAY, JULY 30, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# देशमा बस्न चाहँदैनन् पढालेखा महिला

## उच्च शिक्षा पाउनेमा पुरुषभन्दा महिला कम, पढिसकेर बिदेसिनेमा बढी

**बिदेसिएका महिला तथा पुरुषको संख्या र शिक्षाको स्तर**

| क्षेत्र | लिङ्ग | सङ्ख्या / % | उत्तीर्ण गरेको तह: पूर्व प्राथमिक तह | प्राथमिक तह (१-५) | निम्न माध्यमिक तह (६-८) | माध्यमिक तह (९-१०) | एस.एल.सी. वा सो सरह | प्रमाणपत्र वा सो सरह | स्नातक वा सो सरह | स्नातकोत्तर वा सो सरह | अन्य | तह नभएको / तह नखुलेको | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | जम्मा | सङ्ख्या | ८०५६० | ३८४८७२ | ४०८३६२ | ४११९५४ | १७९२४९ | ३६०४३१ | ११२६७० | ४००३१ | १८६२ | ११९२४ | १२९३१९ |
| | | % | ३.८ | १८.२ | १९.३ | १९.४ | ८.५ | १७.० | ५.३ | १.९ | ०.१ | ०.५ | ६.१ |
| | पुरुष | सङ्ख्या | ६१५९९ | ३२८६५३ | ३६४६२१ | ३६५६४१ | १५८१५६ | २७४४७४ | ७२१८७ | २६१५१ | १३५८ | ८१५३ | ९९७४७ |
| | | % | ३.५ | १८.७ | २०.७ | २०.८ | ९.० | १५.६ | ४.१ | १.५ | ०.१ | ०.५ | ५.७ |
| | महिला | सङ्ख्या | १८९६१ | ५६२१९ | ४३७४१ | ४५५१३ | २१०९३ | ८५९५७ | ४०४८३ | १३८८० | ५०४ | २९७१ | २९५७२ |
| | | % | ५.३ | १५.७ | १२.२ | १२.७ | ५.९ | २४.० | ११.३ | ३.९ | ०.१ | ०.८ | ८.२ |
| प्रदेश | | | | | | | | | | | | | |
| कोशी | जम्मा | सङ्ख्या | ८६५३ | ४९३३५ | ६४०६२ | ८४२०१ | ४१४७८ | ५८०८९ | १५७१८ | ५४८६ | १७३ | १२११ | ९००४ |
| | | % | २.६ | १४.६ | १९.० | २५.० | १२.३ | १७.२ | ४.७ | १.६ | ०.१ | ०.४ | २.७ |
| | पुरुष | सङ्ख्या | ६४२६ | ४१२५२ | ५६५१८ | ७४५७८ | ३६६९३ | ४५९०२ | १०७१८ | ३७२६ | १२३ | ८४२ | ६७१५ |
| | | % | २.३ | १४.६ | १९.९ | २६.३ | १२.९ | १६.२ | ३.८ | १.३ | ०.० | ०.३ | २.४ |
| | महिला | सङ्ख्या | २२२७ | ८०८३ | ७५४४ | ९६२३ | ४७८५ | १२१८७ | ५००० | १७६० | ५० | ३६९ | २२८९ |
| | | % | ४.१ | १५.० | १४.० | १७.८ | ८.९ | २२.६ | ९.३ | ३.३ | ०.१ | ०.७ | ४.२ |
| मधेस | जम्मा | सङ्ख्या | २२६९८ | ६८४९२ | ६१७१२ | ६२८८७ | १९३०३ | २२०६५ | ५६१० | २३५२ | ५४२ | २९८० | ३३०१४ |
| | | % | ७.५ | २२.७ | २०.५ | २०.८ | ६.४ | ७.३ | १.९ | ०.८ | ०.२ | १.० | १०.९ |
| | पुरुष | सङ्ख्या | २१९६९ | ६६३५३ | ६०४८७ | ६१४९४ | १८६७४ | १९९२० | ४५२६ | १८५० | ५२८ | २९३१ | ३२०७० |
| | | % | ७.६ | २२.८ | २०.८ | २१.१ | ६.४ | ६.९ | १.६ | ०.६ | ०.२ | १.० | ११.० |
| | महिला | सङ्ख्या | ७२९ | २१३९ | १२२५ | १३९३ | ६२९ | २१४५ | १०८४ | ५०२ | १४ | ४९ | ९४४ |
| | | % | ६.७ | १९.७ | ११.३ | १२.८ | ५.८ | १९.८ | १०.० | ४.६ | ०.१ | ०.५ | ८.७ |
| बागमती | जम्मा | सङ्ख्या | ६६७२ | ४०९८६ | ४२९३८ | ४५३४५ | ३६२७९ | १२७०३७ | ५५७०६ | १७८०८ | ५८३ | १९४२ | ११०७० |
| | | % | १.७ | १०.६ | ११.१ | ११.७ | ९.४ | ३२.९ | १४.४ | ४.६ | ०.२ | ०.५ | २.९ |
| | पुरुष | सङ्ख्या | ४१६४ | ३१८३१ | ३५७७४ | ३७२९५ | २९४६३ | ८४६२६ | ३२११२ | १०४१४ | ३३१ | १११७ | ७०१४ |
| | | % | १.५ | ११.६ | १३.० | १३.६ | १०.७ | ३०.९ | ११.७ | ३.८ | ०.१ | ०.४ | २.६ |
| | महिला | सङ्ख्या | २५०८ | ९१५५ | ७१६४ | ८०५० | ६८१६ | ४२४११ | २३५९४ | ७३९४ | २५२ | ८२५ | ४०५६ |
| | | % | २.२ | ८.२ | ६.४ | ७.२ | ६.१ | ३७.८ | २१.० | ६.६ | ०.२ | ०.७ | ३.६ |
| गण्डकी | जम्मा | सङ्ख्या | ४२१३ | ३६४४५ | ४९४२५ | ५५७४१ | ३०५७० | ६६६०५ | १६१२४ | ६१७० | १२७ | ८३२ | १४३६९ |
| | | % | १.५ | १३.० | १७.६ | १९.९ | १०.९ | २३.७ | ५.७ | २.२ | ०.० | ०.३ | ५.१ |
| | पुरुष | सङ्ख्या | ३००८ | ३२२६९ | ४५६३८ | ५०९५८ | २७५६१ | ५१४०० | १०६१६ | ४१९२ | ८७ | ५९१ | १०१८७ |
| | | % | १.३ | १३.६ | १९.३ | २१.५ | ११.७ | २१.७ | ४.५ | १.८ | ०.० | ०.२ | ४.३ |
| | महिला | सङ्ख्या | १२०५ | ४१७६ | ३७८७ | ४७८३ | ३००९ | १५२०५ | ५५०८ | १९७८ | ४० | २४१ | ४१८२ |
| | | % | २.७ | ९.५ | ८.६ | १०.८ | ६.८ | ३४.५ | १२.५ | ४.५ | ०.१ | ०.५ | ९.५ |
| लुम्बिनी | जम्मा | सङ्ख्या | १३५३७ | ९५०९६ | ९५६८५ | ७८५३४ | ३२१३० | ५१३०५ | १३१४६ | ५१७३ | १६२ | १३३६ | २३५१२ |
| | | % | ३.३ | २३.२ | २३.४ | १९.२ | ७.८ | १२.५ | ३.२ | १.३ | ०.० | ०.३ | ५.७ |
| | पुरुष | सङ्ख्या | १०५६० | ८५२३९ | ८८३४४ | ७२४१५ | २९५१७ | ४३००७ | ९२३६ | ३६८६ | १०८ | ९४७ | १८३६६ |
| | | % | २.९ | २३.६ | २४.४ | २०.० | ८.२ | ११.९ | २.६ | १.० | ०.० | ०.३ | ५.१ |
| | महिला | सङ्ख्या | २९७७ | ९८५७ | ७३४१ | ६११९ | २६१३ | ८२९८ | ३९१० | १४८७ | ५४ | ३८९ | ५१४६ |
| | | % | ६.२ | २०.५ | १५.२ | १२.७ | ५.४ | १७.२ | ८.१ | ३.१ | ०.१ | ०.८ | १०.७ |
| कर्णाली | जम्मा | सङ्ख्या | ४२९९ | १९५४९ | २१३०१ | १८१९० | ४९५९ | ८४७८ | ११६१ | ३५६ | ४६ | ४२१ | १०४८१ |
| | | % | ४.८ | २१.९ | २३.९ | २०.४ | ५.६ | ९.५ | १.३ | ०.४ | ०.१ | ०.५ | ११.७ |
| | पुरुष | सङ्ख्या | २९२८ | १५९८९ | १८७६० | १५९१२ | ४४०० | ७३९८ | ९३४ | २६२ | ३३ | २८६ | ७६१३ |
| | | % | ३.९ | २१.५ | २५.२ | २१.४ | ५.९ | ९.९ | १.३ | ०.४ | ०.० | ०.४ | १०.२ |
| | महिला | सङ्ख्या | १३७१ | ३५६० | २५४१ | २२७८ | ५५९ | १०८० | २२७ | ९४ | १३ | १३५ | २८६८ |
| | | % | ९.३ | २४.२ | १७.३ | १५.५ | ३.८ | ७.३ | १.५ | ०.६ | ०.१ | ०.९ | १९.५ |
| सुदूर-पश्चिम | जम्मा | सङ्ख्या | २०४८८ | ७४९६९ | ७३२३९ | ६६२५६ | १४५३० | २६८५२ | ५२०५ | २६८६ | २२९ | २४०२ | २७८६९ |
| | | % | ६.५ | २३.८ | २३.३ | २१.१ | ४.६ | ८.५ | १.७ | ०.९ | ०.१ | ०.८ | ८.९ |
| | पुरुष | सङ्ख्या | १२५४४ | ५५७२० | ५९१०० | ५२९८९ | ११८४८ | २२२२१ | ४०४५ | २०२१ | १४८ | १४३९ | १७७८२ |
| | | % | ५.२ | २३.२ | २४.६ | २२.१ | ४.९ | ९.३ | १.७ | ०.८ | ०.१ | ०.६ | ७.४ |
| | महिला | सङ्ख्या | ७९४४ | १९२४९ | १४१३९ | १३२६७ | २६८२ | ४६३१ | ११६० | ६६५ | ८१ | ९६३ | १००८७ |
| | | % | १०.६ | २५.७ | १८.९ | १७.७ | ३.६ | ६.२ | १.५ | ०.९ | ०.१ | १.३ | १३.५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

२०७८ को जनगणनाअनुसार नेपालमा महिला पुरुषभन्दा १४.२ प्रतिशतले कम साक्षर छन् । पुरुषको साक्षरता दर ८३.६ प्रतिशत हुँदा महिलाको जम्मा ६९.४ प्रतिशत छ । तर, विदेश जानेको तथ्यांक हेर्ने हो भने शिक्षित महिला पलायनको प्रतिशतले पुरुषलाई टपेको छ । उच्च शिक्षाका अवसर पाउनेमा महिला कम छन् । तर, उच्च शिक्षा पाइसकेर बिदेसिनेमा महिला बढी छन् । यसले पढालेखा महिला देशमा बस्न कम इच्छुक छन् भन्ने पुष्टि गर्छ ।




**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

# ठूलो संख्यामा सचिव हेरफेर

**अन्नपूर्ण** | *काठमाडौं*

सरकारले ठूलो संख्यामा सचिव हेरफेर गरेको छ। मन्त्रिपरिषद् निर्णयले अर्थ सचिवमा राजस्व सचिव डा. रामप्रसाद घिमिरेलाई लगेको छ। अर्थसचिव मधुकुमार मरासिनी उपराष्ट्रपतिको कार्यालयमा सारिएका छन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य) दिनेश घिमिरेलाई राजस्व सचिव बनाइएको छ। सरकारले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव घनश्याम उपाध्यायलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लगेको छ। अख्तियार सचिव रामेश्वर दंगाल रक्षा मन्त्रालयमा ल्याएको छ। रक्षा मन्त्रालयका सचिव किरणराज शर्मालाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पुऱ्याएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयमा सरुवा गरिएको छ। उनका ठाउँमा उपराष्ट्रपति कार्यालयकी सचिव राधिका अर्याल ल्याइएकी छन्। अर्याल पहिलो महिला सञ्चार सचिव बनेकी छन्।

श्रम सचिव उपाध्यायका ठाउँमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला आएका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट भरतमणि सुवेदी आएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव नारायणप्रसाद दुवाडीको राष्ट्रपति कार्यालयमा सरुवा भएको छ। राष्ट्रपति कार्यालयका सचिव डिल्लीराम शर्मा लोक सेवा आयोगमा आएका छन्। लोक सेवा आयोगका राजकुमार श्रेष्ठ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरुवा भएका छन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सरुवा भएको छ। यसैगरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवमा केशवकुमार शर्मा बिडारीलाई ल्याइएको छ। शर्मा जल तथा ऊर्जा आयोगको सचिवालयमा थिए।

राष्ट्रिय सतर्कता केन्द्रका सचिव रामआधार साहलाई नेपाल ट्रष्टमा सरुवा गरिएको छ। नेपाल ट्रष्टका सचिव प्रमिलादेवी बज्राचार्यलाई खानेपानी मन्त्रालयमा ल्याइएको छ। खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्य जल तथा ऊर्जा आयोग पुऱ्याइएका छन्। राष्ट्रिय सतर्कता केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (फाजिल) का सचिव सर्जुकुमार वैद्यलाई पठाइएको छ।

यसैगरी वित्त आयोगका सचिव मधुसूदन बुर्लाकोटी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य) मा सरुवा भएका छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी राष्ट्रिय तथ्यांक कार्यालय पुगेका छन्। तथ्यांकका प्रमुख तथ्यांक अधिकारी अर्जुनप्रसाद पोखरेल भूमिमा भित्रिएका छन्। गृह मन्त्रालयका सचिव एकनारायण अर्याललाई भने यथावत् राखिएको छ।

**फेरिए तीन प्रदेश प्रमुख**

सरकारले तीन प्रदेशका प्रमुख नयाँ नियुक्ति गरेको छ। मन्त्रिपरिषद् बैठकले बागमती, लुम्बिनी र कर्णालीका प्रदेश प्रमुखलाई हटाएर नयाँ नियुक्त गरेको हो। बागमतीमा दीपकप्रकाश देवकोटा, लुम्बिनीमा कृष्णबहादुर घर्तीमगर र कर्णालीमा यज्ञराज जोशी प्रदेश प्रमुखमा नियुक्त भएका छन्। माओवादी केन्द्र र एकीकृत समाजवादीका कोटाका प्रदेश प्रमुख हटाइएका छन्।

# मोटरबाटो बनाउन १ रुपैयाँ संकलन अभियान



**जीवनाथ खनाल**

इजलास

प्रकृति र भू-अवस्थितिको आधारमा हेर्दा संखुवासभा जिल्लाले देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्न सक्छ। तर, राजनीतिक नेतृत्व, समाजको धारणा वा बुझाइ र नेतृत्वकर्तामा निहित उद्देश्यप्रति समर्पण वा प्रतिबद्धता आवश्यक हुँदोरहेछ। २०२७/०२८ ताका तुम्लिङटारमा हवाई मैदान निर्माण र सञ्चालनमा आयो। २०३६/३७ साल ताका खाँदवारी-किमाथांका (नेपाल-चीन सिमानाको गाउँ)सम्म तत्कालीन जिल्ला पञ्चायतले मान्छे हिँड्न सक्ने बाटो खन्यो।

२०५९ सालमा खाँदवारी बजारका जागरुक युवामध्येका युवा भेला भएर जिल्लाको सम्भाव्य विकास र परिवर्तनका बारेमा छलफल गरे। त्यतिबेला सडक यातायात र जलविद्युत् विकास नै हाम्रो आर्थिक विकासको आधार हो भन्ने निश्कर्ष निकाले। पहिलो 'किमाथांका-खाँदवारी मोटरबाटो निर्माण नागरिक मूल समिति' र अर्को 'जलविद्युत्मा युवा सरोकार' गठन भयो।

संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी जनजागरण र राज्यलाई दबाब दिन विभिन्न क्रियाकलाप हुन थाले। जसमध्ये मोटरबाटो निर्माण गर्न नागरिकहरूबाट '१ रुपैयाँ संकलन अभियान' सुरु भयो। स्थानीय सञ्चारकर्मी गंगा विष्टको सहयोग लिएर जनताका आवाज नीति निर्मातासम्म पुऱ्याउन खाँदवारी-किमाथांकाको यात्रामा हामी लाग्यौं।

यात्राको क्रममा खाँदबारीदेखि दुई दिनको यात्रापछि मित्र गंगा विष्टले गोला बजारमा बास बसेका बेला 'दाइ, तपाईं बौलाउनु भएको हो कि ? यस्तोमा मोटरबाटोको सपना कसरी साकार हुन सक्छ ?' भन्नुभयो।

यो २०६३ सालको कुरा हो। जब हामी किमाथांका पुग्यौं। सीमा पारी चीनका गाउँ डेन्दाङ र चांगामा चीन सरकारले मोटरबाटो बनाइसकेको रहेछ। त्यसपछि उनै मित्र विष्टले 'दाइ चीनको भूगोल हेर्दा हाम्रो भूगोल त मैदान नै रहेछ, मोटरबाटो बन्न सक्छ भन्नेमा म ढुक्क भएँ' भनेर टिप्पणी गरे। मेरो मन एकदमै पुलकित भयो। अहिले १६२ मध्ये दुई तीन किलोमिटर मात्र ट्र्याक जोड्न बाँकी छ। शायद अर्को वर्ष पूर्ण होला।

*(खनाल किमाथांका-खाँदवारी मोटरबाटो निर्माण नागरिक मूल समितिका संयोजक हुन्।)*

# एकसाथ १८ राजदूत सिफारिस

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले १८ देशमा राजदूत सिफारिस गरेको छ। मन्त्रिपरिषद्को सोमबारको बैठकले ५ देशका राजदूतलाई फिर्ता बोलाउनेसमेत निर्णय गरेको छ।

फिर्ता बोलाइएकामा चीनबाट विष्णुपुकार श्रेष्ठ, रुसबाट मिलन तुलाधर, अष्ट्रेलियाबाट कैलाशराज पोखरेल, श्रीलंकाबाट बासुदेव मिश्र र दक्षिण अफ्रिकाबाट दानबहादुर तामाङ छन्। सरकारले त्यससँगै भारतका लागि शंकर शर्मालाई नै राजदूतमा निरन्तरता दिने निर्णय लिएको छ। अघिल्लो सरकारले शर्मासहित ११ देशका राजदूत फिर्ता बोलाएको थियो।

त्यस्तै अमेरिकाका लागि लोकदर्शन रेग्मी, बेलायतका लागि पूर्वसचिव चन्द्र घिमिरे र चीनका लागि कृष्णप्रसाद ओली सिफारिस भएका छन्। अन्यमा दक्षिण कोरियाका लागि शिवमाया तुम्बाहाङ्फे, मलेसियाका लागि डा. नेत्र तिमल्सिना र पोर्चुगलका लागि सनिल नेपाल सिफारिसमा परेका छन्। त्यस्तै जर्मनीमा शैल रुपाखेती, इजरायलमा धनप्रसाद पण्डित, साउदी अरबमा नरेशविक्रम ढकाल, दक्षिण अफ्रिकामा कपिलमान श्रेष्ठ, पोर्चुगलमा प्रकाशमणि पौडेल, अस्ट्रेलिया कान्ता रिजाल तथा पाकिस्तानमा रीता धिताल सिफारिस भएका छन्।

# होसियार, हैजा फैलिँदै छ

## विज्ञहरू भन्छन्, 'कम नआकौं, बेलैमा उपचार गरी ज्यान जोगाऔं'

**दिनेश गौतम** | *काठमाडौं*

यतिबेला पानीका स्रोतहरू दूषित मात्र होइन, हैजा निम्त्याउने जीवाणुको कारक बनेका छन्। शुद्धीकरण गरेको वा उमालेको पानी नपिउने हो भने जो कोहीलाई हैजा संक्रमण हुन सक्छ। विज्ञहरू भन्छन्, 'हैजा संक्रमणलाई हेलचेक्र्याइँ नगरौं। ज्यानैसमेत जान सक्छ।'

हैजा अति संक्रामक र शीघ्र फैलिने सरुवा रोग विशेषज्ञहरू बताउँछन्। हाल ललितपुर, काठमाडौं र कैलालीमा हैजा संक्रमितहरू पुष्टि भएको सरकारी स्वास्थ्य संस्थाहरूले जनाएका छन्। स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी) ले ललितपुर, गोदावरी र धनगढी, पशुपति टोलमा गरी १३ जना व्यक्तिमा हैजा संक्रमण पुष्टि भएको जनाएको छ। पशुपति टोलमा भण्डारण गरिएको पानी दूषित भएको पाइएको छ। ललितपुर र काठमाडौंमा हैजा कसरी संक्रमण भयो अध्ययन भइरहेको इडिसिडीले जनाएको छ।

जनस्वास्थ्य कार्यालय काठमाडौंका प्रमुख डा. अर्जुनप्रसाद सापकोटाका अनुसार, काठमाडौं, कालीमाटी क्षेत्रका एक जनामा कल्चर गर्दा हैजा संक्रमण पुष्टि भएको छ। अन्य दुई जनामा द्रुत परीक्षण (र्‍यापिड डायग्नोस्टिक टेस्ट) गर्दा हैजाको संक्रमण पाइएको छ। 'हैजा संक्रमण कसरी हुन पुग्यो ? अध्ययन गर्दै छौं,' डा. सापकोटाले भने।

अहिले एक दर्जन बढी हैजा संक्रमितहरू अस्पतालमा उपचाररत छन्। समयमै उपचार गरेकाले स्वास्थ्य अवस्था सामान्य छ। 'कडा जलवियोजन भएमा ज्यान जान सक्छ। विगतका वर्षहरूमा हैजा संक्रमणले ज्यान गएका धेरै केसहरू छन्,' शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, रिसर्च युनिट संयोजक डा. शेरबहादुर पुन भन्छन्, 'हैजालाई कम नआकौं।'



**सुरुवाति लक्षणहरू**

- पातलो चौलानी पानी जस्तो दिसा आउने
- वाकवाकी लाग्ने, वान्ता हुने
- कडा जलवियोजन हुने

**गम्भीर लक्षणहरू**

- आँखा गडिने
- मुख, जिब्रो र घाँटी सुक्खा हुने
- तिर्खा लाग्ने
- थकाइ महसुस हुने
- पिसाबको रंग पहेँले हुने
- चिडचिडापन हुने
- रक्तचाप कम हुने
- मुटुको धड्कन अनियन्त्रित हुने
- बेहोस हुने

हैजा संक्रमण भएको केही घण्टा पछि पाँच दिनसम्ममा लक्षणहरू देखिन सक्छन्। हैजाका सुरुवाती लक्षणहरू पातलो चौलानी पानी जस्तो दिसा आउने, वाकवाकी लाग्ने, वान्ता हुने, कडा जलवियोजन हुने हुन्छ। त्यस्तै संक्रमणले गम्भीर अवस्थामा पुऱ्याउँदा संक्रमितको आँखा गडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसाबको रंग पहेँलो हुने, चिडचिडापन हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुन सक्छ।

**लक्षण नदेखिन सक्छ !**

हैजा संक्रमित सबैलाई लक्षण नदेखिन पनि सक्छ। संक्रमितमध्ये १ देखि २५ प्रतिशतमा मात्र लक्षण देखिन सक्ने इडिसिडीले जनाएको छ। तीमध्ये ८० प्रतिशतमा मात्र सामान्य खालका लक्षणहरू देखा पर्छन्। करिब २० प्रतिशतमा कडा खालका लक्षणहरू देखा पर्छन्। कडा लक्षण देखिएका संक्रमितको समयमै उपचार नपाउँदा केही घण्टामै ज्यान जाने विज्ञहरू बताउँछन्।

» बाँकी पृष्ठ ६